कृषि तथा वन विज्ञान विश्वविद्यालय
**कृषि संकाय**
**डीनको कार्यालय**
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
**Faculty of Agriculture**
**Office of the Dean**
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: २०७४/०९/१४

## सूचना !

शैक्षिक वर्ष २०७४/०७५ का लागि यस संकाय अर्न्तगत संचालन हुने कृषि स्नातक (B.Sc.Ag.) तहमा अध्ययनको लागि मिति २०७४/०७/२५ गतेका दिन लिईएको प्रवेश परीक्षामा संलग्न भई उत्तीर्ण भएका विद्यार्थीहरु मध्येबाट UDF/CDF कोटाहरु एवं विभिन्न कोटाहरुबाट रिक्त भै आएका स्थानहरुको लागी मेरीट क्रमाँक र आवेदकले आवेदन फारममा भरेको प्राथमिकताको आधारमा सम्बन्धित संकाय/कलेजहरुको लागि तेश्रो UDF/CDF नामवाली प्रकाशित गरिएको छ । यस नामवलीमा परेका विद्यार्थीहरुले मिति २०७४/०९/१८ गते सम्म कार्यालय समय भित्रमा भर्ना भई सक्नु पर्नेछ । भर्ना हुन आउदा आवेदकले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, लव्धाङ्कपत्र, चारित्रिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र र मुल प्रमाणपत्र वा अस्थायी प्रमाणपत्र (Provisional Certificate) हरुको सक्कलै प्रति अनिर्वाय रुपमा ल्याउनु पर्नेछ । साथै विद्यार्थीहरुले भर्ना गर्न आउदा पहिलो किस्ता वापत रु. १,०४,०६०।- (अक्षेरुपि रु. एक लाख चार हजार साठि मात्र ।) नेपाल बैंक लिमिटेड रामपुरमा कृषि सँकायको नाममा रहेको चल्ति खाता नं ०८५००१०११९९६१४००००१ मा जम्मा गरी सो को सक्कल भौचर भर्नाको समयमा बुझाउनु पर्नेछ ।

भर्नाको लागी निकालिएको UDF/CDF कोटाको लिस्ट यस विश्वविद्यालयको वेभसाईट www.afu.edu.np मा हेर्न सकिने व्यहोरा समेत सम्वन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराईएको छ ।

परीक्षाफलमा त्रुटी नहोस् भनी विशेष सतर्कता अपनाइएको छ । तथापि कुनै त्रुटी पाइएमा अभिलेखबाट सच्याइनेछ ।

..............................
प्रा. जय प्रकाश दत्त
डीन